# ऐरावती गाउँपालिकाको पाँचौ गाउँसभामा पेश गरिएको संक्षिप्त प्रतिवेदन -२०७५

## पृष्ठभुमि

नेपालको संविधान बमोजिम जनताको नजिकको सरकारको रुपमा स्थापित संघीय संरचनामा सबैभन्दा सानो ईकाईको रुपमा स्थापीत स्थानीय तह हो ऐरावती गाउँपालिका । स्थानीय तहबाट संविधानको अनुसुची ८ मा रहेका एकल अधिकारका क्षेत्र बमोजिमको कार्यक्षेत्र र अनुसुची ९ को संघ प्रदेश र स्थानीय तहको साझा अधिकारको विषयसँग सम्बन्धित रहेर कार्य संचालन भईरहेको अवस्था हो। स्थानीय सरकार संचालन ऐन २०७४ र स्थानीय जनसरोकारका विषयसँग सम्बन्धित रहेर स्थानीय सरकारका गतिविधि भईरहेका छन ।

संघ तथा प्रदेशबाट प्राप्त कानुन, नीति, निर्णय तथा परिपत्र र ऐरावती गाउँपालिकाको गाउँसभा तथा कार्यपालिकाबाट स्विकृत ऐन, नियमावली, आदेश, कार्यविधि, मापदण्ड तथा निर्णयहरु स्थानिय सरकार संचालनको प्रमुख आधार हो । प्रचलित कानुनको परिधिभित्र रहेर गरिएका क्रियाकलाप र सो को उपलब्धिको मापनले स्थानीय सरकार संचालनको प्रभावकारीता देखाउँछ । सिमित श्रोतको समुचित परिचालन मार्फत प्राप्त उपलब्धीको न्यायोचित वितरणले स्थानीय सरकारको लोकप्रियता तथा शासन संचालनको सहि मार्गदर्शन गर्दछ।

## संगठन संरचना र कर्मचारी संख्या:

नेपाल सरकारले स्थानीय तहको घोषणा गरेसँगै स्थानीय तहमा रहने कर्मचारीहरुको संगठनात्मक संरचना तयार गरि कर्मचारी खटनपटन तथा व्यवस्थापनको कार्य हुँदै आएको छ। हाल यस गाउँपलिकाको स्विकृत संगठन संरचना बमोजिम गाउँपालिकामा श्रेणीविहिन (कार्यालय सहयोगी, सवारी चालक, चौकिदार आदि ) बाहेक कुल १९ जना र वडा कार्यालय तर्फ कुल १२ जना कर्मचारीको दरबन्दी रहेकोमा गाउँपालिकामा स्विकृत दरबन्दीको ४ जना र वडा कार्यालय तर्फ ५ जना स्थायी कर्मचारीहरुबाट कार्य हुँदै आएको छ भने करार सेवाबाट वडा कार्यालयमा २ जना कर्मचारी थप गरि कार्यालय संचालन भईरहेको छ। पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना तर्फ ३ जना, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ १ जना तथा सामाजिक परिचालनको क्षेत्रमा काम गर्ने गरि वडा तर्फ ६ जना प्रशासन सहायक/सामाजिक परिचालक सेवा करारमा रहि कार्य गर्दै आएको अवस्था छ । हाल

शिक्षा, महिला तथा वालवालिका (विविध), न्याय सेवामा कुनै पनि कर्मचारी नरहेको, ईन्जिनियरिङ सेवामा अधिकृत स्तरको कर्मचारी नहुँदा र प्रशासन तर्फ स्विकृत दरबन्दी अनुसारका कर्मचारी नहुँदा कार्यालय संचालन तथा सेवा प्रवाहमा समस्या सिर्जना भईरहेको छ।

स्थानीय तहको बढ्दो कार्यचाप, संघ, प्रदेश तथा स्थानीय तहको अधिकार क्षेत्रका विषयमा कानुन निर्माणमा प्रक्रियामा भएको ढिलाईले सेवा प्रवाहमा विश्वसनीयता कायम गर्न चुनौती बढेको छ।

**योजना तथा कार्यक्रमः**

ऐरावती गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को गाउँसभाबाट स्विकृत योजना संचालन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४, योजना कार्यान्वयन मापदण्ड २०७४, स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ तथा सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य प्रचलित कानुनको अधिनमा रहि कार्यक्रम तथा योजना संचालन भईरहेका छन। हालसम्म यस गाउँपालिका अन्तर्गत गाउँसभाबाट स्विकृत भएका, मुख्य मन्त्री ग्रामिण विकास कार्यक्रम, जिल्ला समन्वय समिति, संघ तथा प्रदेशबाट योजना कार्यान्वयनका लागि हस्तान्तरण भई आएका २०३ वटा योजनाहरु उपभोक्ता समिति मार्फत संचालन हुने गरि संझौता पश्चात कार्यान्वयन भईरहेका छन । गत आर्थिक वर्षमा योजना तथा कार्यक्रमको वित्तिय प्रगति ८२ प्रतिशत मात्र रहन गएको देखिन्छ । यस अवस्थामा चालु आर्थिक वर्षमा गत आ व को जिम्मेवारी समेत सरेर आउँदा योजना तथा कार्यक्रम संचालनको भार बढेको देखिन्छ। चालु आर्थिक वर्षको माघ मसान्तको अवस्था हेर्दा शशर्त अनुदान रु ११ करोड ७१ लाख मध्ये पहिलो किस्ता रु २ लाख ८३ हजार मात्र निकासा भएको र बाँकी किस्ता निकासा नहुँदा कार्यक्रम प्रभावित हुने देखिन्छ। राजस्व बाँडफाँड तर्फको कुल रु ६७९६२००० मध्ये २७२०८९०२.१९ मात्र निकासा भएको छ । उल्लेखित अवस्था हेर्दा स्विकृत कार्यक्रमका लागि अनुपातिक रुपमा हुने वजेट निकासा नहुँदा तेस्रो चौमासिकमा मात्र कार्य चाप बढ्न सक्ने अनुमान गर्न सकिन्छ ।

**सेवा प्रवाह र नागरिक सम्बन्धः**

नागरिकको पहुँच भन्दा टाढा रहेका सेवालाई नागरिकको घरदैलोमा पुऱ्याउनका लागि स्थानीय सरकार चनाखो भई लाग्नुपर्ने अवस्था छ। नागरिकका गुनासो सुन्ने निकाय, सेवा प्रदायक तथा जनताका प्रतिनिधि नागरिकका आवश्यकता र अपेक्षा प्रति सजग रहँदै न्यायोचित सेवा प्रवाहमा सबैको पहुँच

सुनिश्चित गर्नु पर्ने देखिन्छ। हाल नागरिकले प्राप्त गर्ने सेवामा कतिपय कानुन नवन्दा र कतिपय अवस्थामा जनशक्तिको अभावमा नागरिकको अपेक्षा अनुकुलका सेवाहरुमा गुणस्तर कायम नभएको हुनसक्छ। जसले समग्र शासन संचालन पद्दति र राज्य प्रति नागरिकको धारणालाई परिवर्तन गर्न सक्छ। तसर्थ यस्ता विषयमा हामी सबै गम्भिर भएर लाग्नु उत्तम हुनेछ। नागरिकले दिनानुदिन प्राप्त गर्ने सेवा तथा विकासको प्रतिफल वितरणमा मितव्ययीता, विश्वसनीयता कायम गर्दै छिटो छरितो तथा विधिसम्मत ढंगले न्याय कायम गर्न सकियो भने राज्यप्रति अपनत्व तथा विकास निर्माणमा स्वामित्व बोध गर्न सक्छन ।

सभाका श्रदेय अध्यक्ष ज्यु एवम सदस्यज्युहरु

चालु आर्थिक वर्षको पहिलो ७ महिनामा भएको आय व्ययको विवरण यस गरिमामय सभामा पेश गर्न चाहान्छुः

आम्दानी तर्फः

| सि नं | आम्दानी शिर्षक | अनुमानीत | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता | ३६७६०४०० | १३३२६०००।- | |
| २ | संघीय शशर्त अनुदान | ११७१००००० | २८३००००।- | |
| ३ | संघीय राजस्व बाँडफाँड अनुदान | ७८५००००० | २७०९२९०२.१९ | |
| ४ | संघीय वित्तिय समानीकरण अनुदान | ६४५८८००० | ३९२५००००।- | |
| ५ | प्रदेश वित्तिय समानीकरण अनुदान | ४०७१००० | ३४१७७५०।- | |
| ६ | घरजग्गा रजिस्ट्रेसन शुल्क (मालपोत कार्यालय बाट) | ० | ११६०००।- | |
| ७ | वडा कार्यालय आन्तरिक आम्दानी | १८००००० | ७४६५२२।–<br>सबै भन्दा बढि रु १६१०७६ (वडा नं ६) सबैभन्दा कम रु ५५६०६ (वडा नं १) | पौष मसान्त सम्म |
| ८ | गाउँपालिका आन्तरिक आम्दानी | १०००००० | ८२८९५०।- | |
| ९ | गत आर्थिक वर्षको बाँकी रकम | ५६९५४४३८।९५ | ५६९५४४३८.९५ | |

ऐरावती गाउँपालिका २०७३

खर्च तर्फ

| सि नं | खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | वित्तिय समानिकरण पुंजिगत खर्च | ७२,१७,५४३ | |
| २ | शशर्त अनुदान (शिक्षा) | २,७०,१०,९५७.८० | |
| ३ | शशर्त अनुदान (स्वास्थ्य) | ५४,९२,२०० | |
| ४ | शशर्त अनुदान (कृषि तथा पशु) | ३,२९,६०९.४० | |
| ५ | शशर्त अनुदान कृषि तथा पशु (सोधभर्ना) | ३,५४,७२० | |
| ६ | पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना | ९,०६,७५८ | |
| ७ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | २,४८,५००।- | |
| ८ | वित्तिय समानीकरण अनुदान (शिक्षा) | १,७२,९००।- | |
| ९ | वित्तिय समानीकरण अनुदान (स्वास्थ्य) | ५,७०,५२९।- | |
| १० | सामाजिक सुरक्षा अनुदान | १,०९,९४,२००।- | |
| ११ | कर्मचारी तलव | २२,७७,९४४.४० | |
| १२ | पदाधिकारी पारिश्रमिक | १७,१०,७५५ | |
| १३ | स्थानीय भत्ता | १,८३,४६८ | |
| १४ | महंगी भत्ता | १,५०,९२४ | |
| १५ | अन्य भत्ता (बैठक) | १,५६,१०० | |
| १६ | पानी बिजुली | १६,८५८ | |
| १७ | संचार महसुल | १९,२८८ | |
| १८ | पदाधिकारी ईन्धन | २१,५७० | |
| १९ | ईन्धन कार्यालय प्रयोजन | ३३,८७० | |
| २० | सवारी साधन मर्मत खर्च | २६,६७५ | |
| २१ | बिमा तथा नविकरण खर्च | २१,९४३ | |
| २२ | कार्यालय सामान तथा मसलन्द खर्च (छपाई समेत) | ४,६७,४०० | |
| २३ | अन्य सेवा शुल्क (सेवा करार कर्मचारी तलव) | १२,२९,८५३ | |
| २४ | कार्यक्रम खर्च | १९,५२५ | |
| २५ | अनुगमन मुल्याङ्कन खर्च | ३,५९,८००।- | |
| २६ | भ्रमण खर्च | ७६,५०० | |
| २७ | विविध खर्च | २,८२,५१०।- | |
| २८ | घर भाडा | १,१८,५०० | |
| २९ | सवारी साधन तथा मेसिनरी औजार भाडा | १,५१,५०० | |
| ३० | कुल चालु खर्च | ७३,२४,९८३।- | |
| | **हालसम्मको कुल खर्च** | **६०७१२८९०.२०** | |

उल्लेखित अवस्था हेर्दा यस गाउँपालिकाको कुल अनुमानित खर्च र हालको खर्चको अवस्था हेर्दा १७ प्रतिशत खर्च भएको देखिन्छ। ठुला योजनाहरु समयमै संचालन गर्न नसकिनु, संघ तथा प्रदेशको समपुरक अनुदान कार्यविधि बन्नमा गएको ढिलाईले स्रोतको कमी परिपुर्तीमा अन्योलताले पनि यो अवस्था सिर्जना भएको हो। प्राविधिक जनशक्ति पर्याप्त नहुँदा समयमै योजनाका डिजाईन, स्टमेट लगाएका समयमै हुन नसकेको, कर्मचारी अभावका कारण उपभोक्ता समितिहरुलाई समयमै अभिमुखिकरण संचालन गर्न नसकिएको र कार्य सम्पन्न भएका योजनाहरुको भुक्तानीका लागि उपभोक्ता समितिहरु जागरुक नभएको आदि कारणबाट खर्च बढाउन नसकिएको अवस्था छ। चालु आर्थिक वर्षको बाँकी ५ महिनाको अवधिमा जनशक्तिको अभाव पुर्ति गर्न सकेमा चौमासिक रुपमा अनुपातिक खर्च नदेखिएतापनि आर्थिक वर्षको अन्त्यमा अपेक्षित नतिजामा कुनै असर पर्ने छैन।

**समस्या तथा चुनौती**

ऐरावती गाउँपालिकाको दिगो विकास मार्फत आयमुलक श्रमको माध्यमबाट रोजगारी सिर्जना गर्दै नागरिकको सेवा प्रवाहमा न्यायिक पहुँच सुनिश्चित गर्ने तथा श्रोतको पहिचानको दिगो खोजिका लागि, देहायका समस्या तथा चुनौती हरु रहेका छनः

- योजना तथा कार्यक्रम संचालनका लागि संघ तथा प्रदेशको स्रोतमा भर पर्नुपर्ने
- स्थानीय तहबाट लागु गरि संकलन गरिने करका सम्बन्धका नागरिकले भारको रुपमा बुझ्ने गरेको।
- कर्मचारी अभावले गुणस्तरीय सेवा प्रदान गर्न नसकिएको
- योजना प्राथमिकिकरणमा नागरिक स्तरबाट छनौट भई आउन कठिनाई देखिएको
- संघ तथा प्रदेशबाट आउने निकासा समयमा नहूँदा कार्यक्रम प्रभावित हुने गरेको
- साझा अधिकारका विषयमा कानुन निर्माणमा ढिलाईले कार्य संचालन गर्न अन्योलता सिर्जना गरेको

- स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत राखिएका कतिपय विषयक्षेत्रका सम्बन्धमा संघ तथा प्रदेशबाट प्राप्त हुने आदेश तथा परिपत्रले कार्यक्षेत्रगत तथा विषयक्षेत्रगत अन्योलता तथा कार्य संचालनमा विश्वसनीयता तथा दिगोपना ल्याउन नसकिएको।
- कर्मचारीबाट दोहोरो तथा तेहेरो जिम्मेवारी वहन गर्नुपर्ने अवस्था विद्यमान रहेको।
- नागरिकमा रहेको सेवाप्रदायकबाट हुने प्रक्रियागत जटिलतालाई अल्झनको रुपमा बुझ्ने परिपाटीको अन्त्य गर्न नसकिएको।
- उपभोक्ता समिति मार्फत हुने काममा अपेक्षित जनसहभागिता तथा अल्पकालिन रोजगारीलाई भरपर्दो बनाउन नसकिएको।
- अनुदान मार्फत  स्वरोजगारको अवधारणालाई अपेक्षित नतिजा अनुकुल बनाउन नसकिएको।
- कार्यबोझ बढ्दा कार्यसम्पादनलाई गुणस्तरीय बनाउन नसकीएको
- नागरिकहरुमा बढ्न थालेको अनुत्पादक क्षेत्रको खर्च, विलासि जीवनशैली प्रति बढ्दो झुकाव नियन्त्रणका लागि सुधारका कार्यक्रमहरु लागु गर्न नसकिएको।

उल्लेखित सन्दर्भलाई हेर्ने हो भने समस्याले देखाईरहेको समाधानको बाटोमा एकाकार बनि हातेमालो गर्नु अपरिहार्य छ । नागरिकका आवश्यकता परिपुर्तिका लागि श्रोतको दिगो पहिचान मार्फत सेवा प्रवाहलाई गुणस्तरीय बनाउन जरुरी देखिन्छ। हालसम्म कायम भएको नागरिक, जनप्रतिनिधि तथा कर्मचारीबीचको सहयोग, सम्बन्ध कायम रहिरहोस भन्ने अपेक्षा गर्दछु। अहिलेको शान्तिपुर्ण अवस्था मुर्दा शान्तिको अवस्था नभई समृद्धि र सन्तुष्टिका लागि हो भन्ने पुर्ण विश्वास लिएको छु। हालसम्म यस गाउँपालिकामा रहदा जे जति उपलब्धि हासिल गर्न सकियो त्यो उपलब्धिका भागिदार हामी सबै हौं। जे जति दोष वा असफलता रहे यस गाउँपालिकाको प्रशासनिक नेतृत्वमा रहेकोले स्वयम जिम्मेवार रहनेछु। कर्मचारी समायोजनको वर्तमान अवस्थामा समायोजन अध्यादेशको व्यवस्था अनुसार धैरै कर्मचारी फेरवदल हुने निश्चित जस्तै छ। तथापी व्यक्ति परिवर्तन हुदैमा संस्थागत जिम्मेवारी परिवर्तन हुदैन तसर्थ आगामी दिनमा पनि समुन्नत र समृद्ध ऐरावती निर्माणको गति द्रुत बन्दै जानेछ भन्ने विश्वास राखेको छु ।अन्त्यमा ऐरावती गाउँपालिकाको हालसम्मको उपलब्धी प्राप्तिका लागि निर्णायक तहमा रहि सहयोग गर्नुहुने श्रदेय अध्यक्ष ज्यु, उपाध्यक्ष ज्यु, वडा अध्यक्ष ज्यु तथा सदस्य ज्युहरु, मेरा सहकर्मी प्यारा

कर्मचारी मित्रहरु, सम्पुर्ण सरोकारवाला निकाय, सम्पुर्ण संघ संस्था, समाजसेवी, बुद्धिजीवी, शिक्षक, पत्रकार तथा संघ र प्रदेश सरकार प्रति हार्दिक आभार प्रकट गर्दछु।

धन्यवाद

ऐरावती गाउँपालिका २०७३

प्रमुख प्रशासकीय अधिकृत

ऐरावती गाउँपालिका